गाउँपालिकाले पनि लैगिंक हिंसा निवारणमा सरोकारवालाहरुको भूमिका विषयक अन्तरकियाको आयोजना गरेको छ ।

सप्तरी जिल्लाका लैगिंक हिंसाका तथ्यांकीय झलक:

| क्र.स. | हिंसाका प्रकार | घटना | पिडित संख्या | उमेर | पिडक संख्या | उमेर |
|---|---|---|---|---|---|---|
| १ | बालिका बलात्कार | ३२ | ३३ | २-१७ | ४३ | १२-६५ |
| २ | यौन दुर्व्यवहार | १४ | १४ | ३-१७ | १७ | १३-७४ |
| ३ | महिला बलात्कार | १२ | १२ | १९-७० | २५ | १७-६५ |
| ४ | यौन दुर्व्यवहार | ४ | ४ | १९-३५ | ५ | १९-२५ |
| ५ | बाल विवाह | ३ | ३ | १४-१६ | ११ | १९-७० |
| ६ | बहु विवाह | २० | २० | २१-४३ | ४० | १९-४६ |
| ७ | गर्भपतन | ३ | ३ | १७-२५ | १० | २०-५० |
| ८ | कथित बोक्सी | ५ | ७ | २८-५१ | १७ | २२-५० |
| | जम्मा | ८४ | ८५ | २-७० | १४० | १२-७४ |

स्रोत: इनसेक,सप्तरी, २०१८ जनवरी देखि २०१८ नोभेम्वरसम्म

माथि उल्लेख भएको लैगिंक हिंसाका तथ्याकं हेर्दा करिब एक वर्षको अवधिमा अत्यधिक संख्या रहेको छ भने प्रभावितको उमेर हेर्दा दुधेबालक देखि हजुरआमा उमेर समूहका महिलाहरु प्रभावित छन् । यस्ता घटनाहरु दिनानुदिन सैंयौ घटिरेको हुन्छ तर सबै घटना उजार हुदैनन् किनकी यस पछाडि घरपरिवार समाजको दबाब,इज्जत र प्रतिष्ठाको ख्याल गरिन्छ झन साहे ढाकछोप गरिन्छ यी सबै डर त्रास ,चेतनाको अभावले पूनः घटना दोहोरीरहेको हुन्छ । यस तथ्याकमा प्रभावित महिला,बालबालिका मात्र तथ्याक समेटिएको छ तर वर्तमानमा घर परिवार र समाजमा विशेष गरेर बैदेशिक रोगारीबाट सृजित घटनाहरुबाट पुरुष पनि प्रभावित रहेका छन् । तर विभिन्न तथ्यबाट नियाल्दा अधिकांश हिंसा प्रभावित महिला र बालबाकिहरु नै परेको देखिन्छ ।

हिंसाको कारक तत्व र संलग्नता:

समाजमा भएका परम्परागत कुरीती कुसंस्कारले हिंसा निम्त्याएको छ । समाजद्धारा महिला र पुरुषले निर्वाह गरिने भूमिका तोकिदिएको कारणले गर्दा महिला हिंसाबाट प्रभावित भएको छ । आफनो धर्म संस्कार अनुसार आग्रजहरुले विगतमा जे गरयो त्यही गर्दै जाने अनि आफनो भाग्यलाई दोष दिई हिंसा विरुद्ध नबोल्ने प्रवृति छ । पुरुषहरुले हिंसा गर्नु अधिकार हो भने हिंसा सहनु महिलाको कर्तव्य ठान्ने हाम्रो समाजको चलन नै छ । परम्रागत समाजिक मूल्य मान्यता पितृसत्तात्मक सोचले महिला कमजोर र पुरुष शक्तिशाली बनाएको छ यस किसिमको विभेदकारी मानसिकताले जस्तो सुकै अभियान चलाए पनि महिलाहरु हिंसाबाट प्रभावित भइरहन्छन् । समाजमा शिक्षा स्वास्थ्य र रोजगारीको अवसरबाट बञ्चित आर्थिक रुपमा आत्मनिर्भर नहुनु, सामाजिक सञ्जालको गलत प्रयोग र देखाशिखीको प्रभाव